बलियो घर टेलिभिजन कार्यक्रमको

साढे दुई वर्षे यात्रा

Two and half years journey of
Baliyo Ghar TV program

बलियो घर

BALIYO GHAR

टेलिभिजन कार्यक्रम

पुनर्निर्माणमा सँगसँगै

परिचय

सुरक्षित पुनर्निर्माणमा केन्द्रित 'बलियो घर' टेलिभिजन कार्यक्रम साप्ताहिक कार्यक्रम हो । अमेरिकी सहायता नियोग (यूएसएड) को सहयोगमा भूकम्प प्रविधि राष्ट्रिय समाज - नेपाल (एनसेट) र अल श्री मिडिया घरले तयार पार्ने यस कार्यक्रम विगत साढेदुई वर्षदेखि निरन्तर प्रशारण हुँदै आएको छ ।

खास गरी भूकम्प प्रतिरोधी आवास पुनर्निर्माणका लागि लाभग्राहीहरूलाई प्राविधिक जानकारी प्रदान गर्नु बलियो घर टेलिभिजन कार्यक्रमको मुख्य उद्देश्य हो । यससँगै, प्रत्येक घर/भवन भूकम्प प्रतिरोधी बनाउनका लागि सरोकारवाला सबैलाई सचेत गराउनु, प्रेरणा प्रदान गर्नु, जागरूक र प्रतिबद्ध बनाउनु कार्यक्रमको थप उद्देश्य हो ।

यस कार्यक्रमले नेपाल सरकारद्वारा भूकम्प प्रतिरोधी घर/भवन निर्माणका लागि बनाइएको नीति तथा नियमहरूको कार्यान्वयनमा जोड दिंदै आएको छ भने सर्वसाधारणहरूलाई यसका बारेमा सुसूचित गराईरहेको छ । भूगोल, क्षेत्र र प्रविधि अनुसार स्थानीय स्तरमा उपलब्ध सामग्रीहरूबाटै भूकम्प प्रतिरोधी अर्थात बलियो घर बनाउन सकिन्छ र यसका लागि आधुनिक प्रविधि, तालिम प्राप्त डकर्मी र दक्ष इन्जिनियरको प्रयोग अनिवार्य छ भन्ने कुराको जानकारी बलियो घर टेलिभिजन कार्यक्रमले आम लाभग्राहीहरूमा दिंदै आएको छ ।

एक वाक्यमा भन्दा बलियो घर टेलिभिजन कार्यक्रम एउटा यस्तो पुल हो जसले सरकार, पुनर्निर्माणमा सहभागी जनता र अन्य सरोकारवाला निकायबीच सुरक्षित र बलियो पुनर्निर्माणको अवधारणालाई सार्थक बनाउन मद्दत गरिरहेको छ । पछिल्लो समयमा यस कार्यक्रमबाट उठान गरिएका विषयहरूले धेरै लाभग्राही लाभान्वित भएका छन् ।

शुभकामना

नेपालमा २०७२ साल वैशाख १२ गते भएको भूकम्प र त्यसपछिका परकम्पहरूले पुऱ्याएको क्षतिपछि पुनर्निर्माणमा केन्द्रित भई प्रशारित बलियो घर कार्यक्रमले साढे दुई वर्ष पूरा गर्नुका साथै सो अवसरमा प्रकाशन हुन लागेको स्मारिकाका लागि शुभकामना व्यक्त गर्दछु ।

कुनैपनि ठाउँमा विपद्पछि पुनर्निर्माण र पुनर्स्थापनालाई अघि बढाउन आमसञ्चार माध्यमको भूमिका महत्वपूर्ण हुन्छ । जनताका घरदेखि नीति निर्माण तहसम्मका पुनर्निर्माणका विभिन्न पक्षलाई समेट्दै निरन्तर रूपमा प्रसारण हुँदै आएको बलियो घर कार्यक्रमले विशेषगरी निजी आवास पुनर्निर्माणमा पुऱ्याएको योगदानको प्रशंसा गर्न चाहन्छु ।

मिडियाले पुनर्निर्माण सम्बन्धी जनचेतना जगाउने, जनताका कुरा नीति निर्माण तहमा र नीति निर्माण तहका कुरा जनता बीचमा पुऱ्याउने पुलको भूमिका निर्वाह गर्दै आएका छन् । मिडियाले पुनर्निर्माण क्षेत्रको अवस्था प्रस्तुत गरेका छन् । काम हुँदा प्रशंसा र नहुँदा आलोचना गरेका छन् । यो नेपाली पत्रकारिताको सुन्दर पक्ष हो । मिडियाले जनताले भोग्नु परेका नयाँनयाँ समस्या र चुनौतीलाई पनि सँगसँगै बाहिर ल्याएका छन् । यसले गर्दा कतिपय बेला नयाँ नीतिहरु बनाउन र कतिपय बेला ऐन कानून संशोधन गरी अघि बढ्न सहयोग पुगेको छ । दैनिक रूपमा आइपर्ने समस्याको पहिचान गर्न र त्यसलाई निराकरण गर्न पनि मिडिया सहयोगी बनेका छन् । काम गर्ने क्रममा केही मिडिया र प्रशारण सामग्रीमा समस्याहरु देखा नपरेका होइनन्, तर सकारात्मक पक्षका अघि ती गौण भएका छन् ।

सुशील ज्ञवाली
प्रमुख कार्यकारी अधिकृत
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

२०७५ साल साउन २९ गतेको मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतका रूपमा मलाई नियुक्ति गरेसँगै पुनर्निर्माणलाई सम्पन्न गर्ने महत्वपूर्ण जिम्मेवारी प्राप्त भएको छ । हामी अहिलेसम्मको काम र अनुभवहरूको समीक्षा गरेका छौं र जुनजुन ठाउँमा समस्याहरु छन्, तिनीहरूलाई फुकाउँदै अघि बढेका छौं ।

हामीले सरकारी, गैरसरकारी सबैसँग सहकार्य गरी पुनर्निर्माणको कामलाई अघि बढाएका छौं । पुनर्निर्माणको क्षेत्रमा उत्साह थपी परिणाममुखी काम गर्न जनप्रतिनिधिहरूलाई थप सकृय पारेका छौं । यस्तै सरकार, राजनीतिक दलहरु, अन्तर्राष्ट्रिय समुदाय, सरकारोकारवाला समूह र स्थानीय जनतासँग समन्वय गरी पुनर्निर्माणलाई अघि बढाएका छौं ।

मिडियाले पुनर्निर्माणमा देखा परेका समस्या र चुनौतीहरूलाई ध्यान दिएर सही कुरा बाहिर ल्याउन जरुरी छ । मिडियाले सत्यतथ्यका आधारमा सूचना तथा विचार प्रवाह गर्नाले पुनर्निर्माणलाई थप गति दिने वातावरण सिर्जना हुनुका साथै पूर्व निर्धारित समयमा पुनर्निर्माणको सबै काम सम्पन्न गर्न सहयोग पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, बलियो घर कार्यक्रमको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

दोलखाको लादुकस्थित पुनर्निर्मित घर ।

कार्यक्रमले प्राविधिक कुरा सरल भाषामा लाभग्राहीलाई बुझायो

प्रा.डा. गोविन्दराज पोखरेल

विसं २०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिका परकम्पका कारण क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माणलाई व्यवस्थित, योजनाबद्ध र समन्वयात्मक ढंगले अघि बढाउन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गठन भएको हो । क्षतिग्रस्त संरचनाको दिगो, दरिलो र योजनाबद्ध निर्माण, भूकम्पबाट विस्थापित भएका व्यक्ति र परिवारको स्थानान्तरण तथा पुनर्वास गरी राष्ट्रिय हीत प्रवर्द्धन तथा सामाजिक न्यायसहितको पुनःउत्थान गर्नु प्राधिकरणको दायित्व हो ।

निजी आवास पुनर्निर्माण प्राधिकरणको महत्वपूर्ण दायित्व हो । यसलाई प्राथमिकतामा राखेर काम अघि बढाइएको छ । पुनर्निर्माणमा जनसहभागिता र स्थानीय सरकारको अपनत्व निर्णायक हुन्छ । हरेक स्थानीय तहले आफ्नो वडा, गाउँ एवं नगरपालिकाको पुनर्निर्माणलाई प्राथमिकतामा राखेर अगाडि बढ्दा प्राधिकरणले लिएको लक्ष्य पूरा गर्न

सहज हुन्छ भन्ने मेरो पूर्ण विश्वास छ । भूकम्पपछिको पुनर्निर्माण यसअघिका विकासका अवधारणाहरूमा रहेका कमीकमजोरीहरु समेत सच्चाएर नयाँ आधुनिक नेपाल निर्माण गर्ने अवसर पनि हो ।

सरकारी र गैरसरकारी निकायहरूले गरेको पहल कदमीलाई सञ्चार माध्यमबाट लाभग्राहीसम्म पु¥याउने कामले नेपालको पुनर्निमाणमा ठूलै माने राख्दछ । **यस अर्थमा 'बलियो घर' टिभी कार्यक्रमले सुरक्षित आवास पुनर्निणमा सञ्चार माध्यमको तर्फबाट उल्लेखनीय योगदान पु¥याएको छ ।**

भूकम्प पछि हामीले कल्पना गरेको सुरक्षित नेपाल कुनै एक तह वा निकायको जोडबलले मात्रै पूरा हुन सक्दैन । अझ घर धनी स्वयम्ले आफ्नो घर बनाउने (ओनर ड्रिभन अप्रोच) भन्ने अवधारणबाट अघि बढाइएको नेपालको आवास पुनर्निर्माणमा घरधनी स्वयम् सचेत हुन आवश्यक छ । यसका लागि सरकारी र गैरसरकारी निकायहरूले गरेको पहल कदमीलाई सञ्चार माध्यमबाट लाभग्राहीसम्म पु¥याउने कामले नेपालको पुनर्निमाणमा ठूलै माने राख्दछ । यस अर्थमा 'बलियो घर' टिभी कार्यक्रमले सुरक्षित आवास पुनर्निणमा सञ्चार माध्यमको तर्फबाट उल्लेखनीय योगदान पु¥याएको छ । केन्द्रको निती निर्णयहरूलाई जिल्ला हुँदै स्थानीय तह र लाभग्राहीसम्म पु¥याउन अनि लाभग्राही हुँदै स्थानीय तह र जिल्लाका फरक खाले चुनौतीहरूलाई निती निर्माण तहसम्म अत्यन्तै सरल ढंगले बुझाउन यस कार्यक्रमले खेलेको महत्वपूर्ण भूमिका हो जस्तो मलाई लाग्दछ । प्राविधिक कुरा आफैमा जटिल हुन सक्छ तर भूकम्प प्रतिरोधी घर निर्माणका सन्दर्भमा आएका पछिल्ला प्रविधिहरूलाई जनताकै भाषामा प्रस्तुत गर्नु, त्यो प्रस्तुती लाभग्राहीहरूले सरल ढंगले बुझ्नु र व्यवहारमा उतार्नुमा यस कार्यक्रमको प्रभावकारीतालाई जोड्न सकिन्छ ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण मार्फत नेपाल सरकारले लिएको महाअभियानमा यस टेलिभिजन कार्यक्रमले सकारात्मक भूमिका खेलेको छ । पुनर्निर्माणले गति लिदैछ । तर, यसका विभिन्न आयाम र पक्षहरूमा अझै धेरै गर्न बाँकी नै छ । घर थप्न चाहने जनतालाई अझ सु-सूचीत गर्नुछ, सहरी पुनर्निर्माणको काममा तीव्ररूपमा लाग्नुछ, ऐतिहासिक सम्पदा क्षेत्रको पुनर्निर्माणमा धेरै गर्न बाँकी छ, घर सुधार र प्रवलीकरणका आफ्नै पक्षहरु छन् । त्यो मात्र होइन अहिलेको ज्ञान, सिप, संरचना र दस्तावेजहरूलाई केन्द्रदेखि जिल्ला तहसम्म संस्थागत गर्नुछ र निरन्तरको घर निर्माणको प्रक्रियामा प्राविधिक विषयवस्तुलाई पहिलो सर्तको रूपमा विकास गर्नुछ । तसर्थ, आगामी दिनमा यस कामका लागि पनि 'बलियो घर' टिभी कार्यक्रमले भूमिका खेल्ने छ भन्ने अपेक्षासँगै शुभकामना व्यक्त गर्न चाहन्छु ।

(पोखरेल राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका पूर्वप्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ ।)

बलियो घर टिभी कार्यक्रम निरन्तरताको अपेक्षा

मूलतः यसले मुलुकका कुनाकाप्चामा बस्ने नेपालीहरूले बोल्ने र बुझ्ने भाषामा **देख्दा राम्रो भन्दा पनि बलियो र सुरक्षित आवास निर्माणमा जोड दिएको पाइन्छ।**

युवराज भूसाल

२०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पका कारण क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माणलाई व्यवस्थित, योजनाबद्ध र समन्वयात्मक ढंगले अघि बढाउन नेपाल सरकारले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गठन गरेको थियो । साथै, नागरिक समाज, गैरसरकारी क्षेत्र तथा मित्र राष्ट्रहरूबाट पनि पुनःनिर्माणको कार्यमा उत्तिकै चासो राखि पुनःनिर्माणको महाअभियानमा सरकारसँग हातेमालो गरिएको कारण हाल पुनःनिर्माणले गति लिएको छ । आधाभन्दा बढी समय वितिसकेको अवस्थामा समग्र प्रगति पनि आधाभन्दा माथि नै पुगेको छ ।

क्षतिग्रस्त संरचनाको दीगो, दरिलो र योजनाबद्ध निर्माण, भूकम्पबाट विस्थापित भएका व्यक्ति र परिवारको स्थानान्तरण तथा पुनर्वास गरी राष्ट्रिय हीत प्रर्वद्धन तथा सामाजिक न्यायसहितको पुनरूत्थान गर्ने क्रममा प्राधिकरणसँगै अल थ्री मिडिया घरले 'बलियो घर' टेलिभिजन कार्यक्रम सञ्चालन गरि आएको छ ।

यस टिभी कार्यक्रमले मुलुकका भूकम्प प्रभावित जिल्लाहरूको अतिरिक्त अन्य जिल्लाहरूमा पनि सकारात्मक सन्देश दिइरहेको छ । मूलतः यसले मुलुकका कुनाकाप्चामा बस्ने नेपालीहरूले बोल्ने र बुझ्ने भाषामा देख्दा राम्रो भन्दा पनि बलियो र सुरक्षित आवास निर्माणमा जोड दिएको पाइन्छ । यस कार्यक्रमले प्राधिकरणसँग सहकार्य गरी यसको कार्य सम्पादनमा प्रत्यक्ष रूपमा सघाउ पुराएकोमा म यस कार्यक्रमको मुक्तकण्ठले सराहना गर्दछु ।

आजको यस शुभ अवसरमाम यस 'बलियो घर' कार्यक्रमका सञ्चालक सुनिल कोइराला तथा उहाँको होनहार टिमलाई बधाई दिदै यसमा सहयोग गर्नु हुने सबै व्यक्ति तथा संस्थाहरूलाई धन्यवाद दिन चाहन्छु । म यस सफल कार्यक्रमको निरन्तरताको पनि अपेक्षा राख्दछु ।

(भूसाल राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका पूर्वप्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ ।)

सुरक्षित समुदाय निर्माण गर्ने सार्थक प्रयत्नका लागि सचेतना

सूर्यनारायण श्रेष्ठ

हाम्रा दैनन्दिनी जीवनका शैली र अभ्यासहरूमा परिष्कार ल्याउन, सुधार गर्न र उन्नत बनाउन सोंचमा परिवर्तन अपरिहार्य छ । त्यसका लागि सचेतना पहिलो शर्त हो । आज भन्दा २५ बर्ष अघि स्थापना भएको भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट) ले नेपालमा विपद् जोखिम न्यूनीकरण अन्तर्गत भूकम्पीय जोखिम न्यूनीकरणको सन्दर्भमा नेपाल सरकारको नेतृत्व र मार्गनिर्देशन्मा समुदाय तथा सरकार र अन्य निकायहरूलाई सघाउने उद्देश्यले बिभिन्न प्रयासहरु गर्दै आइरहेको छ । भूकम्पीय जोखिम न्यूनीकरणका प्रयासमा जनचेतनाको महत्वलाई आत्मसात गर्दै एनसेटले बिभिन्न निकायहरूसँगको सहकार्यमा भूकम्पीय जोखिम न्यूनीकरण, यसको पूर्वतयारी तथा व्यवस्थापनबारे सचेतना अभिवृद्धिमा जोड दिँदै आएको छ । यसका लागि जनचेतना अभिवृद्धिको धेरै माध्यमहरूको उपयोग पनि गर्दै आएको छ । जनचेतना प्रवर्द्धनका माध्यमहरु मध्ये आमसञ्चार माध्यम एक प्रभावकारी साधन मानिन्छ । सञ्चार माध्यमको त्यहि शक्तिलाई हृदयङ्गम गर्दै भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपालले आफ्नो स्थापना कालदेखि नै रेडियो तथा टेलिभिजनहरूसँग सहकार्य गरेर भूकम्पीय सुरक्षा अभिवृद्धिका कार्यक्रमहरु अगाडि बढाइरहेको छ ।

भूकम्पीय दृष्टिकोणले अत्यन्तै जोखिमयुक्त राष्ट्र नेपालमा भूकम्पबाट हुन सक्ने क्षति न्यूनीकरण गर्न र विपद् जोखिम व्यवस्थापनका लागि व्यापक मात्रामा जनचेतना विस्तार गर्नु जरूरी छ । भूकम्पीय दृष्टिकोणले सुरक्षित भौतिक संरचना निर्माण गर्नका लागि दक्ष जनशक्तिको आवश्यकता हुन्छ र सुरक्षित तथा दिगो निर्माण पद्धतिको विकासका लागि संस्थागत प्रणालीहरु सबल र सक्षम हुन जरूरी छ । भूमण्डलीकृत विश्वमा आमसञ्चारमाध्यमको शक्ति ब्यापक हुँदै गइरहेको सन्दर्भमा यी सबै काममा एनसेटले आफ्ना प्रयत्नहरु अगाडि बढाउने सिलसिलामा सञ्चार माध्यमसँगको सहकार्यमा जनचेतना विस्तारको अभियान नै चलाएको हो । त्यसैको निरन्तरताको एउटा कडी हो, बलियो घर टेलिभिजन कार्यक्रम ।

गोरखा भूकम्पबाट क्षतिग्रस्त भएका भौतिक तथा घर संरचना पुनर्निर्माण गर्नुपर्ने परिस्थिति र विश्वले नै नेपालको पुनर्निर्माण कसरी अगाडि बढ्छ भनेर हेरिरहेको परिप्रेक्ष्यमा सुरक्षित पुनर्निर्माणको लक्ष्य हासिल गर्न एनसेटले अमेरिकी सहायता नियोगको सहयोगमा बलियो घर परियोजना सञ्चालन गरेर भूकम्प प्रभावित घरधनीहरूलाई प्राविधिक

> समग्र नेपाललाई उत्थानशील बनाउन सातै प्रदेश, ७७ वटै जिल्ला र ७५३ वटै स्थानीय सरकारलाई **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि सक्षम बनाउन बाँकी नै छ।**

सहयोग गर्न अग्रसर भएको हो । त्यहि बलियो घर कार्यक्रमको एउटा अंगको रूपमा जनचेतना विस्तार गर्ने, नीति निर्माण तह र स्थानीय तहमा देखिएका तथा देखिन सक्ने सूचनाको अभावलाई चिर्ने, प्रविधिलाई स्थानीय स्तरमा सरल ढंगले बुझाउने तथा सुरक्षित समुदाय निर्माणमा सबैको हातेमालोको लागि अभिप्रेरित गर्ने प्रयास हो बलियो घर टेलिभिजन कार्यक्रम । अहिले सोही टेलिभिजन कार्यक्रम आफ्नो साढे २ बर्षे यात्रामा पुगिरहँदा यसको सान्दर्भिकता, महत्व र प्रभावकारिता अझै बढेको महशुस भइरहेको छ ।

टेलिभिजन कार्यक्रम सञ्चालनको अवधिमा भूकम्पको मारमा परेका पीडितहरूलाई मल्हम लगाउने, पुनर्निर्माणसँग सम्बन्धित सरकारद्धारा जारी तथा निर्देशित नीति नियमहरूलाई सरलीकृत ढंगले जनमानसमा बुझाउने, सुरक्षित भवन निर्माण प्रविधिलाई सरल ढंगले प्रस्तुत गरेर भूकम्प प्रभावितहरूलाई अनुसरण गर्न प्रेरित गर्ने, भूकम्प प्रभावितहरूको अस्थायी टहरासम्म पुगेर उनीहरूका चासो र गुनासो सम्बन्धित निकायसम्म पुर्‍याउने, सफलताका कथाहरु पस्किएर समग्र नेपालीलाई उदाहरण पेश गर्ने तथा सुरक्षित समुदाय निर्माणका लागि अभिप्रेरित गर्ने जुन काम भयो, त्यसप्रति म व्यक्तिगत रूपमा र संस्थागत रूपमा बधाई ज्ञापन गर्न चाहन्छु तथा कार्यक्रम उत्पादन टिमले गरेको अहोरात्र मेहनतको मुक्तकण्ठले प्रशंसा गर्दछु ।

पुनर्निर्माणको काम अझै सकिएको छैन र सुरक्षित नेपाल निर्माणको अभियान निरन्तर चलिरहन्छ नै । यस सन्दर्भमा बलियो घर टेलिभिजन कार्यक्रमको सान्दर्भिकता पनि अझै सकिएको छैन । पुनर्निर्माणको ३ बर्षे अभियानको दौरानमा हासिल गरिएका उपलब्धीहरूलाई संस्थागत गर्नुपर्ने काम बाँकी नै छ । नेपालले अबलम्बन गरेको पुनर्निर्माणको अभ्यासले सफलता हासिल गर्दैगर्दा विश्वलाई नेपाली पुनर्निर्माणको मोडल र त्यसको प्रभावकारिता देखाउनुपर्ने छ । समग्र नेपाललाई उत्थानशील बनाउन सातै प्रदेश, ७७ वटै जिल्ला र ७५३ वटै स्थानीय सरकारलाई विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि सक्षम बनाउन बाँकी नै छ । यस कामको लागि नीति निर्माण तहमा वकालत गर्ने, जनमानसमा अभिप्रेरणा जगाउने र भए गरेका प्रयत्न तथा प्रयासहरूलाई उजागर गर्नका लागि सञ्चारमाध्यमको तहबाट निरन्तर योगदानको जरूरी छ । बलियो घर टेलिभिजन कार्यक्रमले पनि त्यस दिशातर्फ आफ्ना कामलाई अगाडि बढाउन सफल होस्, शुभकामना छ । त्यसको लागि एनसेट सधैँ सञ्चारमाध्यमसँग सँगसँगै हुनेछ र सार्थक प्रयत्नका लागि सहि सूचना, ज्ञान र सीप संप्रेषण गर्न प्रतिबद्ध छ ।

(श्रेष्ठ भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट) का कार्यकारी निर्देशक हुनुहुन्छ)

हिजोबाट भोलितिर...

सुनिल कोइराला

प्रकोपसँगै निम्तने विपद् र यसले पु¥याउने क्षति आफैमा दुःखदायी हुन्छ । जुन गोर्खा भूकम्प २०७२ देखि हामीले भोगिरहेका छौं । प्रकोप निरन्तरको प्राकृतिक र भौगर्भिक प्रक्रिया हो । अधिकांश विपद् र क्षति मानव सिर्जित हुन् । हाम्रो मुर्ख्याईं, अज्ञानता र हेलचेक्र्याईंका कारण प्रकोपका वेला मानवीय तथा आर्थिक क्षति हुने हो जस्तो मेरो बुझाई छ ।

भूकम्पमा हाम्रो मृत्युको मुख्य कारण कमजोर भौतिक संरचना हो भन्नेमा अब बहस गर्नुपर्ने देखिन्न । तसर्थ, नेपाल सरकारले भूकम्पपछिको पुनर्निर्माणमा प्राविधिक पक्षलाई निकै महत्व दियो । फलस्वरूपः बनिरहेका घरहरु भूकम्प प्रतिरोधी बनेका छन् र अब त्यही घरले चेपिएर मर्नु पर्ने अवस्था आउँदैन भन्ने लागेको छ ।

'बलियो घर' टेलिभिजन कार्यक्रमको मुल उद्देश्य नेपालको पुनर्निर्माणले कुनै बहानमा बाटो नबिराओस् भन्ने नै हो । तसर्थ, बलियो पुनर्निर्माणलाई अर्जुन दृष्टिमा राख्दै सरकारी निकाय र लाभग्राही बीच सधैं पुलको काम गर्ने प्रयत्नमा लाग्यौं हामी । दुबै तर्फको गलत बुझाईलाई प्रष्ट्याउन, दुबै तर्फको छिटो र बलियो पुनर्निर्माणको हुटहुटीलाई जोगाई राख्न, विभिन्न आवेग, आक्रोश र निराशालाई चिर्न, सफलताको साथी र असफलताको आवाज बन्ने कर्ममा हामी जुट्नु थियो; जुट्यौं । त्यो फेरी पनि बलियो घर निर्माणार्थ नै हो । बलियो घर निर्माणका लागि लाभग्राही, प्राविधिक र डकर्मी बीचको समायोजन र उनीहरुमा चेतनासँगै दक्षता अभिवृद्धिको आवश्यकता र ज्ञान सकेसम्म बाँड्ने कोशिस हामीले ग¥यौं । जुन कोशिस यूट्युवमा सुरक्षित पनि छ ।

नेपालमा भूकम्पीय प्रकोपको जोखिम उच्च छ। अब यसबाट जोगिन प्रकोपसँग जुध्न **सक्ने बन्नु छ। यो बोलेर मात्र हुँदैन – एकै रात पनि हुँदैन। रत, अझै हामीले यसैमा काम गर्नु छ।**

पुनर्निर्माणकै बाँकी काम सक्नु छ । प्रवलीकरण, जोखियुक्त वस्ती र वर्ग/समुदायको पुनर्निर्माण, सहरी क्षेत्रको पुनर्निर्माण, शिक्षा/स्वास्थ्य/सम्पदा क्षेत्रको पुनर्निर्माणलाई निश्कर्षमा पु¥याउनु छ । बनेका घरहरु आवश्यकताका नाममा फेरी असुरक्षित नहोउन् भनि सम्झाउनु छ । यतातर्फ अझै महत्वपूर्ण भूमिका खेल्नुछ ।

नेपालमा भूकम्पीय प्रकोपको जोखिम उच्च छ । अब यसबाट जोगिन प्रकोपसँग जुध्न सक्ने बन्नु छ । यो बोलेर मात्र हुँदैन – एकै रात पनि हुँदैन । यसका लागि बलियो नीति/कानून, माथिदेखि तलसम्मको चुस्त संरचना, प्रविधि, दक्षता, सामुहिक प्रतिबद्धता र हामी सक्छौं भन्ने आत्मविश्वास जरुरी छ । रत, अझै हामीले यसैमा काम गर्नु छ ।

(कोइराला बलियो घर टेलिभिजन कार्यक्रमका कार्यकारी निर्माता हुनुहुन्छ)

Baliyo Ghar TV Program Episodes Analysis

Categorisation of contents, participation, mode of programs, coverage area etc. until 118th episode of Baliyo Ghar TV program.



(बलियो घर टेलिभिजन कार्यक्रमको ११८ भागलाई शैली र उत्पादन विधिका आधारमा वर्गीकरण गर्दा ५३% फिल्ड रिपोर्ट, १६% स्टुडियो अन्तर्वार्ता र ३१% मिश्रित शैलीको (फिल्ड रिपोर्ट/स्टुडियो अन्तर्वार्ता दुबै) भएको पाइयो ।)



अन्तर्वार्तामा ५६% सरकारी अधिकारी, ३१% एनजीओ/आईएनजीओका प्रतिनिधि र १३% नीति निर्माता तथा राजनीतिज्ञहरुको सहभागिता रह्यो ।



निजी आवास पुनर्निर्माण प्रगतिको विषयमा ४५ भाग, प्रविधिका विषयमा २८ भाग, नीतिगत विषयमा २९ भाग, जोखिमयुक्त परिवार र समावेशीकरणका मुद्दामा ६ भाग, सम्पदा पुनर्निर्माणमा ५ भाग, विद्यालय पुनर्निर्माणमा ३ भाग र अस्पताल पुनर्निर्माणमा २ भाग केन्द्रीत रहे ।





कार्यक्रममा लैंगिक तथा समाजिक समावेशीकरणका आधारमा २२% महिला र ७८ प्रतिशत पुरूषको सहभातिता रह्यो भने २% अपाङ्गता भएका व्यक्तिहरु समेटिए ।



रिपोर्ट बाइटमा जम्मा ९७९ जना मध्य ३७% घरधनी, ८% सरकारी प्राविधिक, ५% गैरसरकारी प्राविधिक, १२% डकर्मी, ११% सरकारी अधिकारी, ६% गैरसरकारी संस्थाका प्रतिनिधि, १०% राजनीतिज्ञ तथा नीति निर्माता, १% सञ्चारकर्मी, ३% सामाजिक परिचालक र ६% अन्य व्यक्तिहरूको सहभागीता रह्यो ।

प्राधिकरणको लक्ष्य हासिल गर्न बलियो घर टिभी कार्यक्रम सहयोगी

ललितपुरकी बेतिमायाले 'बलियो घर' कार्यक्रम हेरेर आफूले बिग्रन लागेको घरलाई कसरी भूकम्प प्रतिरोधी बनाइन भन्ने सुन्न पाउँदा **मलाई यस कार्यक्रमप्रति गर्व लागेको थियो। यस्तै व्यहोरा मलाई नुवाकोटका रामजी दमाईले समेत सुनाए।**

'बलियो घर' टेलिभिजन कार्यक्रमले साढे दुई वर्ष सफलतापूर्वक पूरा गरेर तेस्रो वर्षमा प्रवेश गर्न लागेको पावन अवसरमा सम्पूर्ण उत्पादन टोली तथा दातृ निकायलाई बधाईं दिन चाहन्छु । यस कार्यक्रममा भूकम्प प्रभावित जिल्लाका दूरदराजका समस्याहरु ल्याएर नीतिनिर्माताहरूलाई उचित निर्णय लिन सु-सूचीत गर्ने र दूरदराजका भूकम्प पीडितहरूलाई भूकम्प प्रतिरोधी प्रविधिका बारेमा जानकारी गराई नीतिगत एवं कार्यान्वयनको पक्षलाई एकसाथ हस्तक्षेप गर्ने कार्य यस कार्यक्रमले गरी आएको छ, जुन साह्रै सराहनीय छ ।

डा. चन्द्रबहादुर श्रेष्ठ

मेरा 'बलियो घर' कार्यक्रममा संलग्न भएका निजी सम्झनाहरु समेत छन् । तीमध्ये एक कार्यक्रममा भूकम्प प्रतिरोधी प्रशिक्षण कार्यक्रमको समापन कार्यक्रमलाई लाइभ प्रशारित गरिएको थियो । जसमा प्रशिक्षार्थीहरूका जिज्ञासाहरु र सम्बन्धित अधिकारीहरूका उत्तरहरु समावेश गरिएका थिए । यस बाट भूकम्प प्रभावित व्यक्तिहरु माझ नीतिनिर्माताहरूको एकै पटक लाखौंको संख्यामा पहुँच पुग्नु आफैमा एक महत्वपूर्ण क्षण भएको अनुभूति भएको थियो ।

मैले समय-समयमा भूमम्प पीडितहरूसँग सिधा सम्पर्क गरी वहाँहरूका समस्याहरु तथा सिकाईका सम्बन्धमा भलाकुसारी गर्ने गरेको छु । यसै सन्दर्भमा वहाँहरूको सिकाईलाई 'बलियो घर' कार्यक्रमले समेत बल पुऱ्याईरहेको जानकारीमा आयो । ललितपुरकी बेतिमायाले कसरी 'बलियो घर' कार्यक्रम हेरेर आफूले बिग्रन लागेको घरलाई भूकम्प प्रतिरोधी बनाईन भन्ने सुन्न पाउँदा मलाई यस कार्यक्रमप्रति गर्व लागेको थियो । यस्तै व्यहोरा मलाई नुवाकोटका रामजी दमाईले समेत सुनाए ।

यसरी जटिल प्राविधिक विषय बस्तुलाई जनताको भाषामा पस्किन सक्नु हाम्रो जस्तो भौगोलिक एवं भाषिक विविधता भएको समाजमा आफैमा ठूलो चुनौति हो । यस चुनौतिलाई चिर्दै यस 'बलियो घर' कार्यक्रमले अनवरत तवरमा प्रयास गरेर राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको लक्ष्य हासिल गर्न सहयोग पुऱ्यायो । त्यसका लागि प्राधिकरणको तथा मेरो ब्यक्तिगत तर्फबाट समेत 'बलियो घर'को टोलीलाई हार्दिक धन्यवाद दिदै भविष्यमा समेत यसै प्रकारले उच्च स्तरीय प्रस्तुति अझै थप परिष्कृत गरी भूकम्प पीडितहरु समक्ष प्रस्तुत गर्न सक्नुहोस् भन्ने कामना गर्दछु ।

(श्रेष्ठ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी समिति सदस्य हुनुहुन्छ)

'बलियो घर' टिभी कार्यक्रम जोखिम न्यूनीकरणको माध्यम

म जुन गाउँमा जान्छु, त्यहाँ 'बलियो घर' कार्यक्रमको चर्चा सुन्ने गरेको छु। मैले यसलाई अत्यन्तै जीवनोपयोगी सरल र **व्यवहारिक कार्यक्रम पाएको छु। यो लोकप्रिय कार्यक्रम आफैमा पनि जोखिम न्यूनीकरणको माध्यम बनिरहेको छ।**

डा. गंगालाल तुलाधर

भनिन्छ 'भूकम्पले मानिसलाई मार्ने हैन बरू मानिसले बनाएका संरचनाले मान्छे मार्छ ।' गोर्खा भूकम्प २०७२ मा यस्तै देखियो । २०७२ बैशाख १२ गतेको विनाशकारी भूकम्पले ७ लाख ५५ हजार घरहरु ध्वस्त बनायो । ती घरहरूले झण्डै ९ हजार जना मानिसहरूको ज्यान लियो । ती घरहरु मानिसहरूले नै बनाएका हुन् ।

देशको १४ जिल्ला अति प्रभावित र अन्य गरी ३१ जिल्लामा यो भूकम्पको प्रभाव पऱ्यो । खासगरी दुर्गम ग्रामिण क्षेत्रहरु जहाँका मानिसहरु गरीब छन्, परम्परागत ढुंगामाटोले बनेका घरहरूमा बस्दछन् र यी घरहरु निर्माण गर्दा इन्जिनियरिङ् सल्लाह पनि लिइएका थिएनन् ।

त्यसैले, भूकम्पका वेला यी घरहरु ध्वस्त भए । मानिसहरु यीनै कमजोर संरचनाका कारणले गर्दा मारिए । न भवन संहिताको प्रयोग, न सुरक्षित जमिनको छनौट, केही पनि गरिएन । मानिसहरूले आवश्यक ठानेनन्, सरकारको ध्यान पनि गएन । हुनतः विसं १९९० सालको महाभूकम्प पनि नसुनेको-नदेखिको हैन, तर भूकम्पीय विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा मानिसहरूले कुनै पाठ सिकेनन् । सरकारले कुनै कुरालाई जिम्मेवारी पूर्वक लिन सकेन ।

२०७२ साल बैशाख १२ गतेको भूकम्प हाम्रो लागि वास्तवमा एउटा खबरदारी हो । यो खबरदारीलाई पनि बेवास्ता गरियो भने विपद् जोखिम न्यूनीकरणलाई आवश्यकता ठानिएन भने भविष्यमा कुनै पनि वेला आउन सक्ने महाभूकम्प हाम्रा लागि झन् महंगो पर्नेछ । हरेक विपद् आफैमा अभिषाप मात्र हैन 'अझ राम्रो र बलियो निर्माण'का लागि अवसर पनि हो । घरमूली आफ्नो मर्जि र इच्छाले हैन, इन्जिनियरहरूसँग सल्लाह गरेर । जस्तो पायो त्यस्तै कामदार हैन, तालिम प्राप्त डकर्मी र सिकर्मीहरूबाट । जहाँ मन लायो त्यहाँ हैन, भूगर्भविद्सँग सल्लाह लिएर छनौट गरिएको जमिन मात्र । कानून नियमको बेवास्ता हैन, भवन संहिता जस्ता नियम, निर्देशिका र मापदण्डको पालना गरेर निर्माण गरियो भने पहिलेको भन्दा झन् राम्रो र 'बलियो घर' निर्माण हुन सक्छ । जुन घरले भोलीका दिनमा आउने भूकम्पमा मानिसलाई मार्दैन ।

यही यथार्थलाई ध्यानमा राखेर 'अझ राम्रो र बलियो निर्माण' भन्ने तथ्यलाई हृदयंगम गरी, सुरक्षित पूनर्निर्माणका लागि अमेरिकी सहायता नियोग यूएसएडको सहयोगमा, भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट) र अल थ्री मिडिया घरको प्रस्तुति टेलिभिजन कार्यक्रम 'बलियो घर' एउटा अत्यन्तै महत्वपूर्ण कार्यक्रम हो र यो सन् २०१६ देखि प्रशारणमा आइरहेको छ । म जुन गाउँमा जान्छु, त्यहाँ 'बलियो घर' कार्यक्रमको चर्चा सुन्ने गरेको छु । मैले यसलाई अत्यन्तै जीवनोपयोगी सरल र व्यवहारिक कार्यक्रम पाएको छु । यसका प्रस्तोता सुनिलजीले मलाई पनि पटकपटक यो कार्यक्रममा बोलाउनु भएको छ ।

'बलियो घर' टेलिभिजन कार्यक्रमको प्रत्येक अंक कान्तिपुर टेलिभिजन, न्यूज २४ (नेपाल) र एभिन्यूज टेलिभिजनमा फरकफरक समयमा प्रशारण हुने हुँदा मानिसहरूले आफ्नो सुविधा अनुसार हेर्न सक्छन् । कार्यक्रमको विशेषता नै स्थलगत अध्ययन, सम्बन्धित मानिसहरूसँग भेट र कुराकानी, तालिम प्राप्त डकर्मीहरूसँग कुराकानी, गुणस्तरीय निर्माण सामाग्री बारे यथेष्ट सूचना, प्राविधिक इन्जिनियर, नीति निर्माता तथा जनप्रतिनिधिरूसँगको अन्तर्वार्ता भएकोले कार्यक्रमको महत्व र गरिमा उच्च छ । बहुप्रकोपीय जोखिम तथा विपद् जोखिम न्यूनीकरणको महान् अभियानमा भूकम्पीय विपद् जोखिम न्यूनीकरणको सबै प्रयासहरूलाई सफल बनाउनका लागि यो लोकप्रिय कार्यक्रम आफैंमा जोखिम न्यूनीकरणको माध्यम बनिरहेको छ । भविष्यमा यसले निरन्तरता पाओस् । शुभकामना !

(तुलाधर जोखिम व्यवस्थापन विज्ञ हुनुहुन्छ ।)

सबैको भूमिकामा पुनर्निर्माणको सही गति र दिशा



डा. हरिराम पराजुली

ढुंगामाटोका घरहरूलाई नस, व्याण्ड राखेर सुरक्षित घर बनाउन सकिन्छ भनेर बुझाउनको लागि प्रचारप्रसार गर्ने काममा विभिन्न **संघसंस्था तथा सञ्चार माध्यामहरूले भूमिका खेलेका छन् । जसमा 'बलियो घर' टेलिभिजन कार्यक्रम एक हो ।**

'बलियो घर' कार्यक्रम अन्तर्गत खासगरी ग्रामिण क्षेत्रमा भूकम्प प्रतिरोधी घर बनाउने अभियानमा सहयोगी तथा यसलाई जनस्तरमा लैजानको लागि टेलिभिजन कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । २०७२ बैशाख २० पछाडी जोखिमपूर्ण निम्न गुणस्तरका ढुंगा माटोले बनेका घरहरूलाई भूकम्प प्रतिरोधी घरहरूमा बदल्नु पर्ने अति महत्वपूर्ण काम थियो । खासगरी त्यस्ता घरहरु स्थानीय स्तरमा पाइने सामग्रीबाट कम लागतमा बनेका घरहरु हुन् ।

भूकम्प प्रतिरोधी बनाउने भन्ने बित्तिकै सर्वसाधारणमा आधुनिक सामग्री राख्नु पर्ने र महंगो पर्ने भन्ने दिमागमा आइहाल्छ । स्थानीय सामग्रीहरु काठ, ढुंगा, माटो लगाएतका परम्परागत सामग्रीहरूबाट पनि भूकम्प प्रतिरोधी घर बनाउन सकिन्छ । साथै, आधुनिक सामग्री प्रयोग गरेता पनि कम मात्रामा प्रयोग गरेर किफायती रूपमा यस्ता घर बनाउन सकिन्छ भन्ने बुझाउन कम चुनौतिपूर्ण थिएन । ढुंगामाटोका घरहरूलाई नस, व्याण्ड राखेर सुरक्षित घर बनाउन सकिन्छ भनेर बुझाउनको लागि प्रचारप्रसार गर्ने काममा विभिन्न संघसंस्था तथा सञ्चार माध्यामहरूले भूमिका खेलेका छन् । यनीहरु मध्ये यूएसएडको सहयोगमा एनसेट मार्फत् सञ्चालन गरिएको 'बलियो घर' कार्यक्रम पनि हो ।

ठूलो संख्यामा प्राविधिक परिचालन उनीहरूलाई हुने गरी सुधार तथा अपवाद पुस्तिका, न्यूनतम मापदण्ड, विभिन्न प्रकारका घरका नक्साहरु, वैकल्पिक सामग्रीहरु, जस्तैः इन्टर लोकिङ ब्लक्सहरु प्रयोगमा ल्याइएका छन् । अहिले भूकम्पको ३ वर्ष पछि हेर्दा अधिकांश घरहरु भूकम्प प्रतिरोधी खालका बनिरहेका छन् । सर्वसाधारण आफ्नो सुरक्षामा सचेत छन् । यो अभियानमा सरकारी, गैरसरकारी निकाय, व्यक्ति, संघसंस्था सबैको भूमिका छ । तसर्थ, यस कार्यक्रम पछि पनि निरन्तरता हुने छ र पुनर्निर्माणको काम सम्पन्न गर्न सहयोगी हुने अपेक्षा सहित 'बलियो घर' कार्यक्रमलाई बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

(पराजुली राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी सदस्य हुनुहुन्छ ।)

आहा ! आलम्पू

थामी जातिको बाक्लो बस्ती रहेको यो आलम्पू गाउँ । दोलखा जिल्लाको बिगु गाउँपालिकामा पर्ने यो गाउँको पुनर्निर्माण अन्तिम चरणमा पुगेको छ । ५ सय ९२ घरधुरी लाभग्राही रहेको यहाँ ९० प्रतिशतभन्दा बढी पुनर्निर्माण सम्पन्न भइसकेको छ । समयमै गाउँमा प्राविधिक सहयोग भएका कारण यहाँ बनेका घरहरु बलिया र सरकारी मापदण्ड अनुरूप देखिन्छन् । अधिकांश घरहरु ढुंगाको गारोमा सिमेन्टको जोडाई रहेको छ भने केही घरहरु पिलरवाला पनि बनेका छन् ।

भूकम्पअघि

भूकम्पको बेला

भूकम्पपछि

पानी नभएको पोखरी हटिया

धादिङ जिल्ला गल्छी गाउँपालिका ३ कल्लेरीस्थित पोखरी हटिया गाउँ । ३५ घरधुरी लाभग्राही रहेको यहाँ विभिन्न चुनौति झेलेर पुनर्निर्माण भइरहेको छ । जहाँ घर निर्माण गर्नका लागि पानीको समस्या छ । यहाँको पुनर्निर्माण डेढ घण्टा टाढाबाट पानी बोकेर भइरहेको छ । एउटा घर बनाउन सरदर ५५ हजार रूपैयाँ तिरेर पानी किनेको अनुभव स्थानीयको छ । तैपनि, प्राविधिक सहयोगकाबीच पुनर्निर्माले बिस्तारै गति लिदैछ ।

भूकम्पअघि

भूकम्पको बेला

भूकम्पपछि

बलियो घर टिभी कार्यक्रमः आवश्यकता, महत्व र अबको बाटो

टिभी कार्यक्रमले गोर्खा भूकम्पबाट अतिप्रभावित जिल्लाहरूको विविध खालका कथा, लाभग्राहीका गुनासा र सरकारी तथा गैरसरकारी प्रयत्नहरू **पस्कन ठूलो योगदान गरेको विदितै छ। सुरक्षित भवन निर्माण पद्दति र भूकम्पीय दृष्टिकोणले सुरक्षित नेपाल निर्माणको कार्यमा अझै धेरै गर्न बाँकी छ।**

डा. रमेश गुरागाई

नेपालमा २०७२ बैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसका परकम्पहरूबाट झन्डै १० हजार मानिसले अकालमा ज्यान गुमाउनु पर्‍यो । ७ लाख बढी घरहरु ध्वस्त भए ।

आवास निर्माण प्रविधिको ज्ञान र सीपका आधारमा भन्ने हो भने भूकम्पका कारण घरहरु भत्किएर मानिसहरूको ज्यान नजानु पर्ने हो । भूकम्पबाट मानिसको ज्यान जानु हुँदैन र हाम्रो घर तथा वस्तीहरु भूकम्पीय दृष्टिकोणले सुरक्षित र मजबुत हुनु पर्दछ । यही अभिप्रायले भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालले २५ वर्ष अघिदेखि सुरक्षित समुदाय निर्माणको पक्षमा वकालत गर्दै आइरहेको छ । तरपनि हाम्रा घर संरचनाको संरचनात्मक अवस्था बलियो नहुनुको परिणाम स्वरूप गोर्खा भूकम्पबाट हामी नराम्रोसँग प्रभावित भयौं । गोर्खा भूकम्पबाट पाठ सिक्दै अब हामीले साँच्चिकै भूकम्प प्रतिरोधी घर तथा वस्ती निर्माण गर्‍यौं भने पक्कै पनि आउने पुस्ता प्रति न्याय गर्नेछौं । त्यसैले, गोर्खा भूकम्पबाट ध्वस्त भएका घर संरचना हुन् या नयाँ बन्ने घर संरचना नै किन नहुन्, भूकम्प प्रतिरोधी नै बनाउनु पर्छ भन्ने मुल आशय हो । तत्कालिन रूपमा गोर्खा भूकम्पका कारण प्रभावित व्यक्ति, परिवार र समुदायलाई सुरक्षित पुनर्निर्माणका लागि प्राविधिक सहायता उपलब्ध गराउने उद्देश्यका साथ 'बलियो घर कार्यक्रम' सञ्चालन भइरहेको छ ।

अमेरिकी सहायता नियोग (यूएसएड)को सहयोगमा भूकम्प प्रविधि राष्ट्रिय समाज - नेपाल (एनसेट)ले सञ्चालन गरेको बलियो घर कार्यक्रमले पुनर्निर्माणमा नेपाल सरकार राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले अंगिकार गरेको घरधनी स्वयंको स्वामित्व र पहलमा निर्माण हुने घरहरूलाई भूकम्प प्रतिरोधी बनाउने उद्देश्यका साथ जनचेतनाका क्रियाकलापहरु, अभिमुखीकरणका गतिविधिहरु, तालिम, प्रदर्शन तथा लगभग ५५ हजार घरहरूमै पुगेर प्राविधिक सहायता दिने जस्ता कार्यहरु सञ्चालन गर्दै आइरहेको छ । यसैको एउटा पाटो र अंग हो, 'बलियो घर' टेलिभिजन कार्यक्रम ।

भूकम्पीय सुरक्षा, भूकम्प प्रतिरोधी मापदण्ड, सुरक्षित पुनर्निर्माण र सुरक्षित समुदायको अवधारणा केवल औपचारिक कार्यक्रम वा जमघटहरूमा मात्रै व्यक्त भएर पुग्दैन र यो विषय एकपटक

भनेर मात्रै पुग्ने विषय पनि होइन । यस विषयलाई निरन्तर उठान गर्न आवश्यक थियो र सुरक्षित समुदाय निर्माणमा सबैको समान धारणा निर्माण गर्न जरूरी थियो । बलियो घर कार्यक्रम सञ्चालन भइरहेका दोलखा, धादिङ, नुवाकोट र काठमाडौंका केही भागमा त भौतिक रूपमै हामी पुग्न सक्ने अवस्था थियो पनि तर गोर्खा भूकम्पबाट अतिप्रभावित जिल्लाहरूका लाभग्राही मात्रै सुरक्षित पुनर्निर्माण र भूकम्पीय सुरक्षाका विषयमा जानकार हुनुपर्छ भन्ने पनि थिएन । पुनर्निर्माणका लागि सरकारी, गैरसरकारी वा अन्य क्षेत्रबाट सहयोग पुगेका जिल्लाहरूका सबै ठाउँमा सबै पुग्ने सम्भावना पनि थिएन ।

अझ सुरक्षित पुनर्निर्माण जस्तो अति महत्वपूर्ण तर कम प्राथमिकताको विषयबारे व्यापक रूपमा चेतना फैलाउने र मानिसहरूलाई सुरक्षित घर निर्माणको पद्धति अवलम्बन गर्न अभिप्रेरित गर्ने र उत्साह जगाउने कार्य टेलिभिजन कार्यक्रम, रेडियो कार्यक्रम, अभिमुखीकरण जस्ता गतिविधिहरूबाट मात्रै सम्भव थियो । त्यसैले पुनर्निर्माणको महाअभियानमा सबैको आवाज मुखरित गर्न, भूकम्प अति प्रभावित, कम प्रभावित वा भूकम्पको असर नपुगेका नेपालका सबै जिल्लामा पनि भूकम्पीय सुरक्षा र सुरक्षित निर्माण पद्धतिका विषयमा सबैलाई जानकार गराउन, सुरक्षित घरका प्राविधिक र अन्य विषयलाई जनमानसमा सरल ढंगले बुझाउन 'बलियो घर' टेलिभिजन कार्यक्रम सुरू गरिएको थियो । गोर्खा भूकम्प पश्चात सुरू गरिएको यो कार्यक्रम अढाइ बर्षसम्म निरन्तर प्रसारण भइरहेको छ । सुरक्षित पुनर्निर्माणका सम्बन्धमा जनधारणा निर्धारण गर्न यस कार्यक्रमले पारेको प्रभाव, भूकम्प प्रभावितहरूको घरघरसम्म पुगेर यस कार्यक्रम युनिटले तयार पारेका सामग्री र त्यसले प्राप्त गरेको प्रतिक्रिया, नीति निर्माण तहदेखि सर्वसाधारण जनतासम्मका आवाजहरूलाई बुलन्द पार्न गरेको प्रयासले यस कार्यक्रमको महत्व पुष्टि भइसकेको छ । सुरक्षित समुदाय निर्माणको लागि भए/गरेका सबै प्रयासहरु मध्ये टेलिभिजन कार्यक्रमले आफ्नो ठाउँबाट गरेको प्रयासको म मुक्त कण्ठले प्रशंसा गर्दछु ।

अघि उल्लेख गरिएझैं जनचेतना विस्तारको कार्य एक दिन, एक हप्ता वा एक महिनाको लागि मात्रै तय गर्दा कदापी निर्धारित उद्देश्य र लक्ष्य प्राप्त गर्न सकिदैन । स्रोत र साधनले भ्याएसम्म यस्ता कार्यक्रम निरन्तर प्रसारण हुन जरूरी छ । बलियो घर टिभी कार्यक्रमले अहिलेसम्म गोर्खा भूकम्पबाट अतिप्रभावित जिल्लाहरूको कथा, लाभग्राहीका गुनासा तथा उत्साहका कथा, सरकारी तथा गैरसरकारी प्रयत्नहरु र सफलताका कथाहरु पस्कन ठूलो योगदान गरेको

विदितै छ । सुरक्षित भवन निर्माण पद्दति र भूकम्पीय दृष्टिकोणले सुरक्षित नेपाल निर्माणको कार्यमा अझै धेरै गर्न बाँकी छ । भवन निर्माण संहिता पालनालाई गाउँगाउँ तहमा स्पष्ट बुझाउन जरूरी छ । टिभी कार्यक्रमबाट हामीले जनस्तरका कुरा नीति निर्माण तहसम्म र नीति निर्माण तहका कुरा जनस्तरमा पुऱ्याएर सुरक्षित समुदाय निर्माणमा हातेमालो बढाउनु छ । आगामी दिनमा 'बलियो घर' टेलिभिजन कार्यक्रम यस दिशामा लागि पर्नेछ भन्ने विश्वासका साथ शुभकामना व्यक्त गर्दछु ।

(गुरागाई एनसेटका उप-कार्यकारी निर्देशक तथा बलियो घर कार्यक्रमका निर्देशक हुनुहुन्छ ।)

Baliyo Ghar will also contribute towards development

Baliyo Ghar is raising public awareness in order to reduce the loss of lives & damages from EQ.

Maniram Gelal
DG-DUDBC

Nepal is a country with high seismic hazard and Nepalese people have faced many Earthquakes in the past including few major ones with devastating effects. To reduce the possible damages of lives and property from future Earthquakes, it is necessary to raise awareness amongst the people about the need of Earthquake resistant buildings and structures.

DUDBC is the lead agency of Government of Nepal in Building Code Implementation for safer building construction. DUDBC provides legal and technical back up to the municipalities and rural municipalities in Building Code implementation. DUDBC has developed many type designs, guidelines and directives for Earthquake resilient structures and controls the noncompliance of National Building Codes in building construction.

National Society for Earthquake Technology- Nepal (NSET) is a professional national Non-governmental Organization working to enhance earthquake resilience of urban settlements in Nepal through awareness raising among the people on the possibilities of Earthquake disaster reduction and has contributed to the development of science and technology related to Earthquake disaster mitigation and implantation of Earthquake resistant measures in construction.

NSET is providing supports to the mission and efforts of DUDBC in Building Code Implementation. A MoU has been signed between DUDBC and NSET to work jointly in mitigating the Earthquake risks and increasing the seismic safety and to promote recent technology and knowledge on Earthquake resistant building construction.

“BaliyoGhar” program run by NSET as a part of Building Code Implementation Program in Nepal (BCIPN) is one of such efforts to fulfill the objective of raising public awareness in order to reduce the loss of lives and damages from earthquake. I hope the program will also contribute towards the development and use of science and technology related to earthquake.

I wish for the complete success of the program.

Effectiveness Survey of Baliyo Ghar TV Program

Introduction

To help earthquake affected people through communication means, make them clear on the reconstruction process, simplifying the technology and make their voices heard, bridging the information gap, Baliyo Ghar TV Program was conceptualized and executed accordingly. As one of the components of Baliyo Ghar Program and tools of raising awareness, with the partnership among NSET and All Three Media Ghar, Baliyo Ghar TV program has been produced and broadcasted from two and half years back and has completed its 123 episodes up to September 30, 2018.

This Report examines the results of “Effectiveness Survey of Baliyo Ghar TV Program” survey that was conducted in August and September 2018. The fundamental goal of this study is to measure the impact and adequacy of TV program. This survey intends to understand regarding the effectiveness and impact of Baliyo Ghar Television Program in promotion of Government policies, support of grant disbursement and to raise mass awareness through informing and simplifying the science and technology.

Methodology

A cross-sectional study was conducted within the program areas of Baliyo Ghar. Cross-sectional research analysis studies are based on supported observations that manifest itself in several teams at just one occasion. This implies there’s no process, therefore no variables are manipulated by the researcher.

This Baliyo Ghar TV Program Survey depends on perception of TV program watchers in their area at study period. This research design is used to accumulate data on field at information gathering time. Mobile team basically records the information that what they observed in field and their common sentiments of local people.A total of 829 respondent were administered by the mobile team in Baliyo Ghar program area(a total 829 response including 578 male and 251 female). In selecting procedure of respondent, regular or occasional viewers of Baliyo Ghar TV program were chosen.

The Survey technique used was purposive sampling technique based on Baliyo Ghar Program districts namely: Dhading, Dolakha, Nuwakot and Kathmandu.The targeted population of the survey are the viewers of TV program "Baliyo Ghar" within the Baliyo Ghar Program areas as well as the stake holders involved in reconstruction.

Before asking the question, consent was taken with the respondents.

Survey result

- Have you watched Baliyo Ghar Program?



- Gender wise distribution of respondent



- Among the following what Baliyo Ghar TV Program issues made you easy to understand?



- District wise distribution of sample respondent



- How effective was the TV Program to make you clear regarding reconstruction process dilemmas?



Survey result

- How much did the TV program covered overall issues of reconstruction?



- In which medium, have you watched most



- Issues carried out and covered



- In making your voice heard regarding problems and grievances, how much did the program supported?



- If you are involved in reconstruction process, in which role you are currently working?



Survey result

- Did the program simplified the technical subjects and issues of reconstruction so that it helped you?



- Did the program changed your perception regarding earthquake safety?



- Of the following, who do have benefited most by the TV Program?



- Did the program helped you in reconstructing earthquake safe home?



- Do you feel, the program should be broadcasted regularly?



'बलियो घर'को प्रभाव : बन्दै गरेका भूकम्प प्रतिरोधी घर



भाष्करराज राजकर्णिकार

'बलियो घर' कार्यक्रमबाट कति भूकम्प पीडित जनताहरू लाभान्वित भए होलान् भन्ने आँकलन मात्र होइन **भूकम्प पछि बनेका भूकम्प प्रतिरोधी घरहरूको संख्या र प्रविधि यसको बलियो परिणाम पनि हो।**

टेलिभिजन प्रशारण मार्फत् बहु-आयामिक रूपमा विविध विषयहरु सम्प्रेशण गर्न सकिन्छ भन्ने त सर्वविदित यथार्थ नै हो । दूर शिक्षा, टि.भि. सपिङ डिस्ट्यान्स, कोर अपरेशन, मेडिकल सर्भिस आदिआदि विषयहरूमा टेलिभिजन प्रशारण मार्फत् प्रभावकारी कार्यक्रमहरु संचालन र उद्देश्य प्राप्तिमा सफल भएका प्रशस्त उदाहरणहरु पनि छन् ।

नेपालको सन्दर्भमा विनासकारी भूकम्प पश्चात पुनर्निर्माणको आधारभूत जानकारी सम्प्रेषण भूकम्प निरोधक घर निर्माणको प्रविधि सूचना एवं कानुनी पक्षहरूको विषयमा जनताले बुझ्ने सरल भाषा र प्रस्तुतिमा प्रस्तुत 'बलियो घर' टेलिभिजनको विविध उपयोगिताको नवीनतम प्रयोग र पहल हो भन्ने मलाई लाग्दछ । र, यो प्रयोग र पहल धेरै उपयोगी र उदाहरणीय पनि बनेको छ ।

यो 'बलियो घर' कार्यक्रमबाट कति भूकम्प पीडित जनताहरु लाभान्वित भए होलान् भन्ने आँकलन मात्र होइन भूकम्प पछि बनेका भूकम्प प्रतिरोधी घरहरूको संख्या र प्रविधि यसको बलियो परिणाम पनि हो । टेलिभिजनको उपादेयताको सन्दर्भ आउँदा नेपालमा भूकम्प पछिको पुन:निर्माणमा 'बलियो घर' कार्यक्रमको योगदान सराहनीय मात्र होइन उपयोगी र उदाहरणीय रहने विश्वास गर्दछु ।

आउने दिनमा 'बलियो घर'लाई अझ प्रविधि केन्द्रित बनाउनु पर्ने सुझाव समेत दिँदै उज्वल र उन्नत अझ शिक्षामुलक एवं जानकारीमुलक बनोस् भन्ने शुभकामना दिन चाहन्छु ।

(राजकर्णिकार एभिन्यूज टेलिभिजनका अध्यक्ष हुनुहुन्छ ।)

पुनर्निर्माण नटुंगिएसम्म 'बलियो घर'ले सूचना दिइरहनु पर्छ

भूकम्पबाट प्रभावित अधिकांश नेपालीलाई कस्तो घर बनाउने भन्नेबारेमा सही र सचेतनामुलक कार्यक्रमको आवश्यकता थियो । **त्यो आवश्यकता 'बलियो घर'ले पूरा गर्ने सम्भावना देखेपछि न्यूज २४ ले प्राथमिकतामा राखि प्रसारण गरेको छ ।**

अनिल जोशी

'बलियो घर' टिभी कार्यक्रम सूचनामुलक कार्यक्रम हो । विशेषत २०७२ साल वैशाख १२ को महाविनाशकारी भूकम्प पछि मुलुक पुनर्निर्माणको चरणमा नै रहेकोले यो कार्यक्रमले प्रभावितलाई मात्र नभई आम नेपालीलाई कस्तो घर बनाउने भन्ने विषयमा व्यवहारिक र सैद्धान्तिक ज्ञान दिन सफल भएको छ ।

भूकम्पबाट प्रभावित अधिकांश नेपालीलाई कस्तो घर बनाउने भन्नेबारेमा सही र सचेतनामुलक कार्यक्रमको आवश्यकता थियो । त्यो आवश्यकता 'बलियो घर'ले पूरा गर्ने सम्भावना देखेपछि न्यूज २४ ले प्राथमिकतामा राखि प्रसारण गरेको छ । मुलुक अझै पनि पुनर्निर्माणको चरणबाट नै गुज्रिरहेको छ । पुनर्निर्माणका धेरै काम बाँकी छन् । भूकम्पबाट प्रभावित अधिकांश जिल्लामा घर बनाउने क्रम पनि सकिएको छैन । पुनर्निर्माण कार्य नटुंगिएसम्म यस्ता कार्यक्रमको आवश्यकता महसुस गरेको छु ।

म मात्र होइन, टेलिभिजन हेर्ने दर्शकले दिएको प्रतिकृयाबाट पनि म उत्साहित छु । उहाँहरूले 'बलियो घर' जस्तो सूचनामूलक कार्यक्रमप्रति राम्रो प्रतिक्रिया दिनु भएको छ । सञ्चार माध्यमको जिम्मेवारी जनतामा सही र सन्देशमुलक सूचना पुऱ्याउनु नै हो । र, राष्ट्रको पुनर्निर्माणमा पनि सञ्चार माध्यमको जिम्मेवारी र भूमिका छ पनि । 'बलियो घर'मार्फत आम जनतामा पुगेको सन्देश सकारात्मक पाएको छु । तसर्थ, कार्यक्रमको आवश्यकताको बोध आम नेपालीले गरेको महसुस मैले गरेको छु ।

(जोशी न्यूज २४ टेलिभिजनका अध्यक्ष हुनुहुन्छ ।)

कार्यक्रमले नेपाली मौलिकतालाई अझ झकझक्याउनु पर्छ

भुषण दाहाल

यस कार्यक्रम मार्फत नेपाल र नेपालीले भोगेको महाभूकम्पको प्रतारणा पछि पुनर्निर्माणसँग सम्बन्धित ज्ञान, सीप र अन्य प्राविधिक यथार्थ पीडित जनसमुदाय र सरोकारवालाहरूसम्म राम्रै गरि पुगेको अनुभव पनि गरेको छु।

विगत दुई वर्षदेखि प्रसारित टेलिभिजन कार्यक्रम 'बलियो घर' अक्सर हेर्ने मौका पाउँछु । यस कार्यक्रम मार्फत नेपाल र नेपालीले भोगेको महाभूकम्पको प्रतारणा पछि पुनर्निर्माणसँग सम्बन्धित ज्ञान, सीप र अन्य प्राविधिक यथार्थ पीडित जनसमुदाय र सरोकारवालाहरूसम्म राम्रै गरि पुगेको अनुभव पनि गरेको छु ।

यहाँसम्म आइपुग्दा, पुनर्निर्माणका लागि विशेषगरी सरकारकातर्फबाट हुनपर्ने तदारूकताको गति अति सुस्त रहनु, प्राविधिक रूपमा रहनु पर्ने ज्ञान नेपाली आफैंमा न्यून रहनु एवं आर्थिक परिचालन र अभाव पुनर्निर्माणका लागि प्रायः अभिषाप सावित भए । तै पनि प्रयास अढेको छैन ।

यो कठीन कार्यमा पीडित नेपाली जनसमुदायलाई पुनर्निर्माण गर्दा आफू बस्ने घर कसरी सुरक्षित बनाउन सकिन्छ लगायतका अन्य थुप्रै जानकारी गराइरहँदा नेपालका गाउँघर एवं सम्पदाहरु किन मौलिक थिए ? किन मौलिक छन् ? र किन मौलिक रहिरहनु पर्दछ ? भन्ने जानकारी पनि पुनर्निर्माणको एक महत्वपूर्ण पक्ष हो भन्ने झकझकाइ कार्यक्रम मार्फत गराइरहन सके नेपाली मौलिकता सहितको 'बलियो घर' निर्माणमा योगदान अझ युगान्तकारी हुने छ भन्ने मलाई लाग्दछ ।

शुभकामना ।

(दाहाल कान्तिपुर टेलिभिजनका सहायक महाप्रबन्धक हुनुहुन्छ ।)

यूट्युबबाट डाउनलोड गरी लाभग्राहीलाई देखाएको छु

नरेश झा, इन्जिनियर
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

म बलियो घर टेलिभिजन कार्यक्रमको नियमित दर्शक हुँ । भ्याएसम्म टेलिभजिनमा नभ्याउँदा यूट्युबबाट यस कार्यक्रम हेर्ने गर्छु । यो कार्यक्रम हामी जस्ता भूकम्प प्रतिरोधी भवन बनाउन इन्जिनियरिङ पेशामा काम गर्ने र सामान्य नागरिकहरूसम्मका लागि अति नै उपयोगी कार्यक्रम हो ।

भूकम्पको असर परेका गाउँका गरीब तथा लगानी धेरै गर्न नसक्नेहरूका लागि स्थानीय स्तरमै उपलब्ध हुने निर्माण सामग्री तथा ती सामग्रीद्वारा कसरी भूकम्प प्रतिरोधी भवन बनाउने भन्ने जानकारी तथा जागरूकतामा बलियो घर कार्यक्रमले राम्रो भूमिका खेलेको छ । मेरो व्यक्तिगत कुरा गर्नु पर्दा मैले धेरै ठाउँमा डकर्मी तालिम तथा जनचेतना मुलक कार्यक्रम गर्दा बलियो घरका केही महत्वपूर्ण अंकहरु यूट्युबबाट डाउनलोड गरी लाभग्राहीहरूलाई विषयवस्तु बझाउने गरेको छु । जसले भूकम्प प्रतिरोधी घरको बारेमा डकर्मी वा लाभग्राहीलाई बुझाउन र महसुस गराउन धेरै नै उपयोगी बनेको छ ।

घर बलियो बनाउनु पर्छ भन्ने बुझायो

बलियो घर टेलिभिजन कार्यक्रमले हामी जनप्रतिनिधि र सामान्य नागरिकहरूलाई धेरै कुरा सिकाएको छ । विशेष त प्राविधिक ज्ञान र त्योसँगै आफू बस्ने घर बलियो र सुरक्षित बनाउनु पर्छ है भन्ने ज्ञान सबैलाई सिकायो । यही कार्यक्रम हेरेर पनि भूकम्प प्रभावितहरूले घर बनाउँदै गर्दा प्राविधिकलाई निरन्तर देखाउनु पर्छ भन्ने सिकायो । हाम्रो क्षेत्रमा पनि आएर यस्ता कार्यक्रम गर्नु भएकोमा हामी आभारी पनि छौं ।

मलाई त बलियो घर कार्यक्रम भनेको हाम्रा लागि हो र हाम्रा जनताका लागि हो भन्ने जस्तो लाग्छ ।

आरवी लामा, वडाअध्यक्ष
ककनी–५, नुवाकोट

रामप्रसाद बेल्वासे,
प्रशासकीय अधिकृत
सिंहदरबार सचिवालय
पुनर्निर्माण समिति

कार्यक्रम अत्यन्त राम्रो छ

बलियो घर कार्यक्रम अत्यन्त राम्रो छ । यस कार्यक्रमको टिमले जे जति गरेको छ त्यो निकै प्रशंसनीय छ । यसलाई अझै व्यापक रूपमा लैजानु पर्छ भन्ने लाग्छ । केन्द्रबाट जाने हामी सरकारी कर्मचारी एउटा प्रतिनिधि मात्रै रहेछौं, बलियो घर बनाउने त तालिम प्राप्त डकर्मी र सिकर्मीहरु पो रहेछन् भन्ने कुरा मैले बलियो घर कार्यक्रम हेरेर थाहा पाएँ । यसको निरन्तरता आजको आवश्यकता पनि हो ।

विना श्रेष्ठ, घरधनी
बगुवाबजार–८, नुवाकोट

काठ र ढुंगाबाट बलियो घर बनाउन सकिन्छ भन्ने सिकें

बलियो घर कार्यक्रम भ्याएसम्म हेर्छु । पछिल्लो पटक नुवाकोट स्थित समुद्रादेवीको कार्यक्रम हेरेको थिएँ । अति मन प¥यो । घर बलियो बनाउन सिमेन्ट र रड नै प्रयोग गर्नु पर्दैन, काठ र ढुंगा प्रयोग गरेर पनि बनाउन सकिन्छ भन्ने कुरा त्यही कार्यक्रमबाट सिकेको हुँ । यस्तो धेरै काम लाग्ने जानकारीहरु त्यो कार्यक्रमले दिएको थियो ।

गोर्खा भूकम्प पछिको समयमा यो कार्यक्रमको महत्व ठूलो छ । अझै घरहरूकै बारेमा बढी भन्दा बढी जानकारीहरु दिनुप र्छ ।

दूरदराजसम्म पुग्नु पर्छ

गोर्खा भूकम्प पछि आएको यो कार्यक्रमले हामीलाई धेरै सिकाएको छ । भूकम्पबाट पीडित तथा भूकम्प प्रतिरोधी घर बनाउन फिल्डमा खटेका प्राविधिकहरूसँग फिल्डै तथ्यगत कुराहरु टेलिभिजनमा सुन्न/हेर्न पाउँदा खुशी लाग्छ । त्यसले धेरै कुराहरु सिकाउँछ ।

सामान्य भन्दा सामान्य दूरदराजका मान्छेहरूले कमजोर घर बनाएका ठाउँमा पनि तपाईंहरु पुग्न जरूरी छ । साथै, घर निर्माणका विषयमा केही थाहा नभएका व्यक्तिहरूलाई पनि कार्यक्रममा समेट्नु पर्छ । आगामी दिनमा विपत्ति आउँदा जनधनको क्षति नहोस् भन्ने उद्देश्यका साथ कार्यक्रम सञ्चालन गरिएको हुँदा मलाई यो कार्यक्रम साह्रै मन पर्छ ।

ज्ञानबहादुर तामाङ
स्थानीय–गिरानचौर, सिन्धुपाल्चोक

पुरानै जीवनशैलीमा फर्किएका दोलखा बिगुका भुजेल परिवार ।

काठको सुरक्षा कसरी गर्ने भन्ने कार्यक्रमबाट सिकें

रामबहादुर थामी
तालिम प्राप्त डकर्मी,
भीमेश्वर, दोलखा

म समय मिलाएर बलियो घर टेलिभिजन कार्यक्रम हेर्ने गर्छु । विहान र वेलुकाको समयमा आउने हुनाले मलाई यो कार्यक्रम हेर्न समय पनि अनुकुल छ । हामी जस्तो डकर्मीहरुका लागि यो कार्यक्रम उपयोगी छ । किनकी मैले कार्यक्रम हेरेर पुनर्निर्माण सम्बन्धि सरकारका नीतिनियमहरु, पुनर्निर्माणको प्रकृया र काठलाई कसरी बलियो बनाउन सकिन्छ भन्ने कुरा सिकेको छु ।

हामीले तालिममा नलिएका ज्ञानहरु पनि यस कार्यक्रमले दिएकोमा म अति खुशी पनि छु । यसका साथ दोलखा र अन्य जिल्लाको पुनर्निर्माणको अवस्था मैले यही कार्यक्रम मार्फत जानककारी पाएको छु भने सुरक्षित भवन र भूकम्पबाट कसरी सुरक्षित रहने भन्ने विषयमा पनि मैले यसै कार्यक्रम मार्फत सिकेको छु ।

कार्यक्रमबाट प्राविधिक ज्ञान हासिल गरें

म तालिम प्राप्त डकर्मी । बलियो घर टेलिभिजन कार्यक्रम हामीहरुका लागि अति उपयोगी कार्यक्रम हो । ३ महिना अघिसम्म म यो कार्यक्रम म नियमित हर्थे । तर, आजभोली घर बनाउने कामको चाप अलि बढेको हुँदा मैले चाहेर पनि यो कार्यक्रम नियमित रूपमा हेर्न सकेको छैन ।

कार्यक्रमले उठाएका विषयवस्तु हामीलाई अति उपयोगी छन् । भूकम्पबाट सुरक्षित हुनका लागि घर बलियो हुनुपर्छ र घर निर्माण नियमानुसार गर्नु पर्छ भन्ने कुरा मैले टेलिभिजनबाटै सिकेको हुँ ।

यो कार्यक्रम साह्रै राम्रो लाग्छ । कार्यक्रम कुन टेलिभिजनमा कहिले कहिले आउँछ भन्ने जानकारी अझै राम्रोसँग नभएकोले यस विषयमा सबैलाई जानकारी गराउन सकियो भने राम्रो हुनेथियो ।

लालबहादुर तामाङ
तालिम प्राप्त डकर्मी,
भीमेश्वर, दोलखा

१

चुनौति अझै बाँकि छ

गोर्खा भूकम्प पछिको पुनर्निर्माणले तीव्र रूपमा गति हासिल गरेको छ । पुनर्निर्माणको यो समयावधिमा करीब ४० प्रतिशत घरहरु निर्माण सम्पन्न भए । तर, चुनौति अझै बाँकि छ । सम्बोधन हुन नसकेको जोखिम बस्ती (१), डीपीसी गरेर वेवारिसे छाडिएका घर (२), रेट्रोफिट हुन नसकेको घर (३), सहरी पुनर्निर्माण (४), जोडिएका घर (५), सरकारी मापदण्ड आउनु अघि बनेका घर (६) आदिआदि । यिनै विषयहरूलाई फोटो फिचरमा देखाइएको छ ।

२

३

४

५

६

१

२

यसरी तयार हुन्छ
बलियो घर

३

४

बलियो घर टेलिभिजन कार्यक्रम उत्पादन तीन चरणमा सम्पन्न हुन्छ- प्रिप्रोडक्शन, ड्युरिङ प्रोडक्सन र पोष्ट प्रोडक्शन । सबैभन्दा पहिला आगामी अंकमा कुन विषय उठान गर्ने भनेर छलफल गरिन्छ (फोटो १), त्यसपछि छनोट भएको विषयवस्तुका बारेमा कोर टिमबीच गहन छलफल हुन्छ (फोटो २), सोही आधारमा फिल्डमा छायाँङ्कनका लागि टोली पुग्छ (फोटो ३, ४ र ५), छायाँङ्कन सकेर आएपछि स्कृप्ट तयार पारिन्छ र भ्वाइसओभर गरिन्छ (फोटो ६), सँगै स्टुडियोमा एन्करको लिंक र आवश्यकता अनुसार अन्तर्वार्तासमेत गरिन्छ (फोटो ७ र ८), त्यसपछि दृश्य सम्पादन, ग्राफिक्स र कलर करेक्शनको काम हुन्छ (फोटो ९) र पोष्ट प्रोडक्शनको काम सकिएपछि टेलिभिजनबाट प्रशारण गरिन्छ (फोटो १०) ।

५

फोटो फिचर

६

७

८

९

१०

गोर्खा भूकम्प चोटको निम्तो खुशी उपहार

पाँच वर्ष पुनर्निर्माण महाअभियानको यो क्षणमा आइपुग्दा हामीलाई लाग्दै छ, **चोटैचोट बोकेर आएको गोर्खा भूकम्पले खुशी उपहार दिएर बिदा हुँदैछ ।**

'बलियो घर' टेलिभिजन कार्यक्रमको यात्रा वर्षले दुई हो; हप्ता र शृंखलाले १ सय २३ पार गऱ्यौं । यो सुखद् अवसरमा अघिल्लो वर्ष जस्तै तर यस पटक अलि परिस्कृत/अलि विस्तृत रूपमा यो स्मारिका प्रकाशन गर्ने आँट गरेका छौं ।

अमेरिकी सहायता नियोग (यूएसएड) को सहयोगमा भूकम्प प्रविधि राष्ट्रिय समाज - नेपाल (एनसेट) र अल थ्री मिडिया घरको संयुक्त प्रस्तुति हो - 'बलियो घर' टेलिभिजन कार्यक्रम । यो कार्यक्रम एक वर्ष चार टेलिभिजन (कान्तिपुर, एभिन्यूज, न्यूज २४ र इमेज) मार्फत प्रशारण भयो भने पछिल्लो एक वर्ष इमेज बाहेकको तीन टेलिभिजनबाट प्रसारण हुँदै आएको छ । प्रशारण समय दर्शककै अनुकुलतामा साँझ, विहान, दिउँसो, राति र शनिवारको दिन पनि ।

चोटैचोट बोकेर आएको गोर्खा भूकम्पले अब खुशी उपहार दिएर विदा हुनेछ । पाँच वर्ष पुनर्निर्माण महाअभियानको यो क्षणमा आइपुग्दा भूकम्पीय जोखिम र त्यसको न्यूनीकरणका लागि बलियो नीतिगत संरचना खडा भएको छ, जस्ले भविश्यमा आइलाग्ने यस्ता खाले जोखिमको सहज रूपमा मुकाविला गर्न सक्छ । हजारौंको संख्यामा दक्ष जनशक्तिको उत्पादन भएको छ, जस्ले विपद् पछिको पुनर्स्थापनाका लागि सहज बनाउने छ । लाखौंको संख्यामा निर्माण भएका भौतिक संरचना बलिया बनेका छन्, जस्ले विपद्सँगको लडाईंमा जित हासिल गर्ने छ । र, करोडौं नेपालीहरूले भूकम्पीय जोखिम बुझे अनि अनुभव गरे, जस्ले विपद्लाई आत्मसाथ गर्दै विकास गर्न सिकायो । यही समयमा हामी 'बलियो घर' टेलिभिजन कार्यक्रम मार्फत तपाईंहरु सँगसँगै यात्रामा रह्यौं र आज यो सुखद् अवसरमा स्मारिका प्रकाशन गरि तपाईंहरु समक्ष खुशी बाँड्न चाहन्छौं ।

यो यात्रामा संस्थागत/विषयगत सहयोग गर्ने यूएसएड तथा एनसेटप्रति कृतज्ञ छौं । चार टेलिभिजन जस्ले सुरक्षित पुनर्निर्माणको सन्देश जनजनसम्म पुऱ्याइदियो; धन्यवाद ज्ञापन गर्दछौं । पुनर्निर्माण सरोकार बनेका विभिन्न सरकारी निकाय, गैरसरकारी निकाय तथा दातृनिकाय, विपद् विज्ञ, प्राविधिक, डकर्मी तथा लाभग्राही सबैसबै प्रति आभार । र, बलियो घरका नियमित दर्शक-जस्ले बलियो घर हेरेर केही सिके, केही बुझे र सोही अनुरूप व्यवहारमा लागू गरे, यहाँहरूमा नमन ।

उत्पादन समूह

मार्गदर्शन
डा. आमोदमणि दीक्षित
श्रीराम सिंह बस्नेत

अवधारणा पुनरावलोकन
सूर्यनारायण श्रेष्ठ
डा. रमेश गुरागाईं
रञ्जन ढुङ्गेल

शृंखला संयोजन
खड्ग सेन ओली

शृंखला सह-संयोजन
रामकृष्ण शर्मा

विज्ञ परामर्श
विजयकृष्ण उपाध्याय
हरिराम पाठक
प्रणव दाहाल
आयुष बाँस्कोटा
प्रमोद खतिवाडा

कार्यकारी निर्माता
सुनिल कोइराला

संयोजक
आनन्द पौडेल

निर्माता
शिव श्रेष्ठ

सहायक निर्माता
मिमराज पाण्डेय

भिडियो सम्पादक
सनम ख्वाखली श्रेष्ठ

छायांकन
कुमार कटुवाल
रत्नमणि दाहाल

स्वरांकन
उषा किरण कंडेल
शोभा खत्री बिसी

ग्राफिक्स
पदम तिमिल्सिना

डिजाइन
महेश कार्की

फोटो
एनसेट/अल थ्री मिडिया

बजार प्रतिनिधि
हरिकृष्ण महर्जन

KANTIPUR HD
आइतबार बेलुका ७:०० बजे
पुनः प्रशारण
सोमबार बिहान २:३० बजे
दिउँसो १:३० बजे

news24
बुधबार बिहान ८ बजे
पुनः प्रशारण
बुधबार दिउँसो २:०० बजे
बिहीबार दिउँसो ४:३० बजे

एभिन्यूज टेलिभिजन
शनिबार बिहान ८:३० बजे
पुनः प्रशारण
आईतबार बिहान ४:३० बजे
दिउँसो ३:०० बजे

सुरक्षित पुनर्निर्माणका लागि अमेरिकी सहायता नियोग (USAID)को
सहयोगमा भूकम्प प्रविधि राष्ट्रिय समाज- नेपाल (NSET) र
अल थ्री मिडिया घरद्वारा प्रस्तुत

बलियो घर

BALIYO GHAR

टेलिभिजन कार्यक्रम

Baliyo Ghar
BaliyoGhar Nepal
baliyoghar@gmail.com
16600-1-99990
@ Baliyo Ghar

Supported By: USAID FROM THE AMERICAN PEOPLE

Presented By: NSET Earthquake Safe Communities in Nepal

Media Partner: All Three Media Ghar Pvt. Ltd.
Bagbazar, Kathmandu, Nepal
www.a3mediaghar.com.np